

# हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

धुलाचौर, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

२०८३ साल असार ९ गते मंगलबार

नेपाल संवत् ११४६

CamScanner

हिमाली गाउँपालिका
आर्थिक वर्ष २०८३/०८४

# "स्वास्थ्य, शिक्षा, जडीबुटी, पर्यटन र पूर्वाधार डिजिटल प्रविधि र सुशासन हिमालीको आधार"

**आदरणीय,**

**यस हिमाली गाउँपालिका गाउँ सभाका सदस्य ज्यूहरू,**

**गाउँ सभा सदस्य सचिव ज्यू,**

**राष्ट्रसेवक कर्मचारी साथीहरू, शिक्षक तथा विभिन्न पेसा व्यवसायमा सम्बद्ध पेशाकर्मी साथीहरू,**

**हिमाली गाउँपालिकाका अगुवा, आम नागरिक साथै सम्पूर्ण गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदी बहिनीहरू,**

**सुरक्षाकर्मी एवं पत्रकार मित्रहरू तथा यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा म हार्दिक नमस्कार व्यक्त गर्दछु ।**

नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी र गौरवको अनुभूति गरेको छु। १८ औं गाउँसभाको यस ऐतिहासिक अवसरमा गाउँपालिकाको विकास यात्रालाई मार्गनिर्देशन गर्ने महत्वपूर्ण दस्तावेज यहाँहरू समक्ष प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु। जनताको अमूल्य मतबाट निर्वाचित हामी जनप्रतिनिधिहरूको पहिलो कर्तव्य जनविश्वास र अपेक्षालाई व्यवहारमा उतार्नु हो। सङ्घीय संरचनाअनुरूप जनताको सबैभन्दा नजिकको सरकारका रूपमा गाउँपालिका थप सबल बन्दै गएको छ। लोकतन्त्र, समानता, स्वतन्त्रता र समृद्ध समाज निर्माणका लागि विभिन्न कालखण्डमा र भर्खरै भएको भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइते योद्धाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। साथै परिवर्तनका लागि योगदान पुऱ्याउने राजनीतिक नेतृत्व र सम्पूर्ण जनसमुदायप्रति सम्मान व्यक्त गर्दछु। स्थापनाको नवौं वर्ष पूरा गरी दसौं वर्षमा प्रवेश गरेको हिमाली गाउँपालिका संघीयताको मर्मअनुसार जनसहभागिता, सुशासन, गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार विकास, समावेशी योजना तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्दै अघि बढिरहेको छ। सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, समन्वय र सहअस्तित्वलाई कायम राख्दै यो १७ औं गाउँसभा गाउँपालिकाको विकास यात्रामा कोशेढुङ्गा साबित हुने विश्वास लिएको छु।

**"स्वास्थ्य, शिक्षा, जडीबुटी, पर्यटन र पूर्वाधार डिजिटल प्रविधि र सुशासन हिमालीको आधार"**

भन्ने उद्देश्य सहित पालिकाको सर्वाङ्गीण विकासको लागि गाउँपालिका परिवार एकरूपताका साथ एकताबद्ध हुँदै अगाडि बढिरहेको छ। आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, संस्थागत विकास तथा सुशासन र वन, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा उपलब्ध स्रोत–साधनको प्रभावकारी परिचालन गरी आवश्यकता र क्षमताका आधारमा योजनाहरू सञ्चालन गरिनेछन्। हिमाली गाउँपालिका कृषि, पशुपालन, फलफूल, जडीबुटी, रैथाने बाली, वन सम्पदा तथा पर्यटनको प्रचुर सम्भावना बोकेको पालिका हो। कर्णाली करिडोर, रारा जाने छोटो मार्ग, कैलाश मानसरोवर सडक सञ्जाल तथा रानीसैनको राष्ट्रिय पहिचानले यस क्षेत्रको पर्यटन विकासमा थप सम्भावना सिर्जना गरेको छ। कृषकलाई अनुदान तथा ढुवानी सुविधामार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने प्रयास प्रारम्भ भइसकेको छ। यद्यपि विकासको गति तीव्र बनाउन अझै केही चुनौतीहरू विद्यमान छन्। पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूलधारमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने, कृषि व्यवसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने, पर्यटनबाट प्राप्त लाभलाई सबै क्षेत्रमा विस्तार गर्ने, वन तथा वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, पूर्वाधार विस्तार, आन्तरिक आय अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्नुपर्ने आवश्यकता अझै कायम छ। साथै कुपोषण, गरिबी, विपद् जोखिम तथा विभिन्न महामारीजस्ता चुनौतीहरूको सामना गर्दै सक्षम, गतिशील र समृद्ध समाज निर्माण गर्नु हाम्रो साझा दायित्व हो। जनताको आशा र अपेक्षालाई केन्द्रमा राख्दै विकास र समृद्धिको यात्रालाई थप प्रभावकारी बनाउने प्रतिबद्धतासहित हामी सबैको साझा प्रयासबाट सुखी हिमालीवासी र समृद्ध हिमाली गाउँपालिका निर्माण गर्ने लक्ष्यका साथ यो १८ औं गाउँसभा सफल हुने विश्वास व्यक्त गर्दछु।

अघिल्ला वर्षहरूमा झैँ यस वर्ष पनि नीति तथा कार्यक्रम तर्जुमा गर्न विभिन्न संवैधानिक व्यवस्था, कानुनी प्रावधान, आवधिक योजना तथा स्थानीय आवश्यकता र प्राथमिकताका प्रमुख आधारहरू निम्नानुसार रहेका छन्।

**आगामी आ.व. २०८३/०८४ नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू:**

१. नेपालको संविधान, २०७२

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली २०७६

५. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७

६. स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन २०७८,

७. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाहरू, सोच र लक्ष्य,

८. दिगो विकासका लक्ष्य,

९. हिमाली गाउँपालिकाका कानुनहरू लगायत प्रचलित कानुनी व्यवस्था,

१०. स्रोत तथा बजेट सीमा निर्धारण समितिको कुल बजेट सीमा तथा विषयगत सीमा निर्धारण,

११. राजस्व परामर्श समितिको प्रतिवेदन र

१२. हिमाली गाउँपालिकाका विगत आर्थिक वर्षहरूको अनुभव, सिकाई तथा वस्तुस्थिति।

**यस सम्मानित सभा सदस्यज्यूहरू, अब म यस हिमाली गाउँपालिकाले चालु आर्थिक वर्ष २०८३/०८४ मा विकास निर्माण तथा सेवा प्रवाहका सन्दर्भमा गरेका मुख्य प्रयासहरूको बारेमा जानकारी गराउन चाहन्छु**

## सुशासन, संगठन विकास तथा व्यवस्थापन तर्फ :

- हिमाली गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरूको कार्य प्रणालीमा अनुशासन कायम राख्न तथा Chain of command को स्पष्टता सुनिश्चित गर्न कर्मचारी परिचालन नीतिलाई पूर्णरूपमा लागू गरिनेछ । उक्त निति कर्तव्य पालना, उत्तरदायित्व, जिम्मेवारी वहन र आपसी समन्वयमा केन्द्रित हुनेछ ।
- कर्मचारीहरूको कार्य प्रक्रियालाई आधुनिक प्रविधि मार्फत व्यवस्थित गर्न, विभिन्न अल्पकालीन तालिम र सेवासम्बन्धी तालिमहरू सञ्चालन गर्नुका साथै विभिन्न क्षेत्रका प्रमुखहरूसँगको सहकार्यमा सम्पादन गरिनेछ ।
- गाउँपालिका अन्तरगतका कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीहरुको कार्यसम्पादनको मूल्याङ्कन गरी उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई प्रोत्सान गर्ने नीति लिईदै गाउँपालिका अन्तरगतमा कार्यरत कर्मचारीहरुको १० प्रतिशतका दरले तलब वृद्धी गरेको छु ।
- कुनै पनि सरोकारवाला निकायलाई बाधा नपुग्ने गरी सबै स्थानीय तहका स्रोत र साधनहरू परिचालन गरी जनशक्ति विकास गर्न कर्मचारीहरूको लागि ICT क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- यस डिजिटल युगमा प्रत्येक कार्य AI संग जोडिएको हुँदा AI प्रणालीहरुको सिप तथा व्यवहारिक तालिमहरुमा विशेष जोड दिइनेछ ।
- युवाहरूलाई Online रोजगारीसंग जोड्नको लागि डिजिटल प्रणाली उपकरणहरूको अभिमुखीकरण तालिम र युवा डिजिटल सहायता कार्यक्रम सुरु गरिनेछ ।
- गाउँपालिका भित्रका सबै सरकारी कार्यालयहरूबाट गरिने कामहरू छिटोछरितो बनाउन र विपद् पुर्व Early Warning (अर्लि वार्निङ्ग) को लागि Bulk SMS (बुल्क एस.एम.एस), स्मार्ट डिजिटल बोर्ड, र डिजिटल नागरिक वडा पत्र जस्ता प्रणालीमा जोड दिइनेछ ।
- आ.व. २०८३/०८४ को दोस्रो त्रैमासिकसम्म हिमाली गाउँपालिका अन्तरगत सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य तथा विद्यालयहरुलाई इन्टरनेटको पहुँचमा ल्याईनेछ ।
- हिमाली गाउँपालिका अन्तगरत भए गरेका असल अभ्यासहरुको त्रैमासिक र वार्षिक बुलेटिनहरू प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- कर्मचारी र पदाधिकारीहरूको मनोबल उच्च राख्न सकारात्मक सोच र क्षमता विकास तालिम, कर्मचारी कल्याणकारी कोष स्थापना, साथै आन्तरिक पर्यटन भ्रमण जस्ता गतिविधिहरूलाई प्राथमिकता दिइनेछ ।
- जनताको वास्तविक आवश्यकतालाई ध्यानमा राख्दै सात (७) वटै वडाका दुर्गम बस्तीहरूमा कम्तीमा एक एकीकृत घुम्ती शिविर सञ्चालन गरी प्रभावकारी घरदैलो सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- यस गाउँपालिका अन्तरगतका निकायहरुमा कर्मचारीहरुको अभाव हुनाले, उक्त निकायहरुको समग्र प्रशासनिक विकासको लागि संघीय र प्रदेश सरकारहरू समक्ष प्रशासनिक र प्राविधिक कर्मचारीहरुको व्यवस्थापनका लागि अनुरोध गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण सम्बद्ध निकायहरूले आफ्नो कार्यको प्रगति प्रतिवेदन सहित प्रत्येक महिना सार्वजनिक सुनुवाई गर्ने र गाउँपालिकाबाट सञ्चालित योजनाहरूको अनिवार्य सार्वजनिक सुनुवाई गराउने विषयमा जोड दिइनेछ ।
- हिमाली गाउँपालिकाका प्रत्येक वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा अनिवार्यरुपमा ई-हाजिरी तथा इन्टरनेट जडान गरिनेछ ।

➢ वडा स्तरबाट नै प्रत्यक्ष सेवा दिने उद्देश्यले १, ३, र ५ नं. वडा कार्यालयहरूको भवन निर्माण सम्पन्न भइसकेको छ र अन्य वडाहरूमा वडा कार्यालय भवन निर्माणमा जोड दिइनेछ।

➢ गाउँपालिकाको न्यायिक समितिले विवाद समाधानमा सहायता गर्नको लागि ई-अदालत प्रणाली स्थापना, सल्लाहकार माग गर्ने जस्ता कार्यहरुको व्यवस्था गरिनेछ।

➢ वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई अझ जनमुखी, उत्तरदायी र गुणस्तरीय बनाई व्यवस्थापन गर्न, वडा कार्यालय सञ्चालनको लागि आवश्यक बजेटका साथै वडा कार्यालयहरूमा थप जनशक्ति व्यवस्थापन गरी सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता वडा कार्यालय स्तरबाटै सम्पादन गर्ने व्यवस्था गरिनेछ।

➢ वित्तीय ऐन, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) लगायतका कानुनहरूको पालना गर्दै ठूला योजना तथा आयोजनाहरू निर्माण व्यवसायीहरू बीच स्वच्छ प्रतिस्पर्धा मार्फत गरिने छ भने साना आयोजनाहरू उपभोक्ता समितिहरूमार्फत गर्न कार्यलाई निरन्तरता दिइनेछ।

➢ सबै नागरिकहरूको लागि समान पहुँच सुनिश्चित गर्दै गुनासो तथा समाचार प्रणालीको विकास गरिनेछ। गरीब तथा असहाय नागरिकहरूको लागि निःशुल्क कानुनी सहायता सेवा विस्तार गरिनेछ।

➢ हिमाली गाउँपालिकाबाट पारित भइसकेका ऐन, नियम र कार्यविधिहरूलाई राजपत्रमा प्रकाशन गर्न र बनाउनुपर्ने कानुनहरू निर्माण गर्ने कार्यलाई निरन्तरता दिइ सुशासनलाई थप जोड दिइनेछ।

➢ सरकारी सेवालाई गुणस्तरिय, सरल र सहज बनाउदै सरकारी डाटा प्रविधिमैत्री र सुरक्षित गर्न ब्रोडब्यान्ड इन्टरनेट, सौर्य उपकरण, र CCTV जडान समावेश गरिनेछ।

➢ बजार अनुगमन र गुणस्तर परीक्षणलाई अझ प्रभावकारी र नियमित बनाई गुणस्तरीय उपभोग्य वस्तुहरूको सर्वसुलभ आपूर्ति सुनिश्चित गर्दै उपभोक्ताको अधिकार र हितको संरक्षण गर्ने गरि आवश्यक कार्य गरिनेछ।

➢ गाउँपालिकाको प्रशासनिक र संगठनात्मक संरचना तथा संस्थागत क्षमतालाई आवश्यक क्षेत्रहरूमा उपयुक्त प्रक्रियाहरू मार्फत सक्रिय, आधुनिक, सक्षम, प्रभावकारी र जवाफदेही बनाइनेछ।

➢ यस हिमाली गाउँपालिकामा महिला, दलित, बालबालिका, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समुदायहरूको सशक्तिकरण र क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

➢ लैङ्गिक हिंसाबाट पीडित कुनै पनि नागरिकको लागि, गाउँपालिकामा उजुरी दर्ता भएको दिनदेखि सुरक्षाको प्रत्याभूतिको अवस्था नभएसम्म आवश्यक अस्थायी आधारभूत आवासको व्यवस्था गरिनेछ।

➢ गाउँपालिकाका विकासात्मक गतिविधिहरूलाई दिगो बनाउन, सहकारी, नागरिक समाज र अन्य विकास साझेदारहरूको सामुदायिक स्वामित्व, सहभागिता र सहकार्यको वातावरण सिर्जना गर्दै "स्वच्छ र हरियाली विकास" को नीतिलाई प्राथमिकता दिइनेछ।

➢ छाउपडी पर्था,जातीय छुवाछूत लगायत अन्य सामाजिक विभेद, सामाजिक कुरीति, घरेलु हिंसा, मानव बेचबिखन सम्बन्धी समस्यालाई न्यूनीकरण गर्न जनचेतनामुलक कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।

➢ सबै वित्तीय कारोबारहरूलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित, पारदर्शी र राजस्व चुहावटमुक्त अर्थतन्त्रको औपचारिकीकरण गरिनेछ। करको संरचनाको पुनरावलोकन गर्दै उद्यमी तथा मध्यम वर्गीय परिवारमाथिको भार घटाइनेछ।

➢ गाउँपालिकाको लेखा प्राणालीलाई पूर्ण डिजिटलाइजेसन तर्फ विकास गर्ने कार्यमा प्राथमिकता दिइनेछ।

गोविन्द बहादुर कठायत
अध्यक्ष

CamScanner

## पूर्वाधार तर्फ :

- दिर्घकालिन तथा अत्यावश्यक योजनाहरुको निर्माणका लागि अनिवार्य रुपमा आवश्यक DPR, EIA र IEE तयार गरि योजना संचालन र मूर्तरुप दिने निती लिईने छ।
- गाउँपालिका भित्र कुनै पनि निजि वा सार्वजनिक आवास बनाउँदा राष्ट्रिय भवन निर्माण मापदण्ड, २०७२ लाई कार्यन्वयन गर्ने गरि आवश्यक कार्य गरिने छ|
- राष्ट्रिय सडक मापदण्ड र ग्रामिण सडक मापदण्डको आधारमा हिमाली गाउँपालिकाले गाउँपालिका भित्रका सडकहरुलाई थप व्यवस्थित गर्न पालिका स्तरिय सडक मापदण्ड बनाई कार्यान्वयन गर्ने निती लिईने छ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिंचाई र फोहोर व्यवस्थापन गर्न योजना बैंक निर्माण गरि कार्यान्वयन गरीने छ। आ.व.२०८३/८४ भित्र सम्पूर्ण वडा केन्द्र सम्म सडक सञ्जालमा जोड्ने गरि आवश्यक स्रोत व्यवस्थापन गरिने छ।
- **"हिमाली उज्यालो"** कार्यक्रम भन्ने नारालाई साकार पार्दै विद्युत प्रशारण लाइन विस्तार नभएका गुम्वा, लाम्पाटा लगायत अन्य बस्तिहरुमा बैकल्पिक उर्जाको व्यावस्थापन गरिने छ।
- जग्गा वर्गिकरण गरि करको दायरामा ल्याईने छ।
- पर्यटन प्रवद्धनलाई विस्तार गर्न आ.व.२०८३/८४ सम्म बौडीलाई सडक सञ्जालमा जोड्दै युना, बौडी, गुम्बा, लाम्पाटा, च्याचौर रानीसैनसम्म परम्परागत शैलीको पर्यटकिय पदमार्गको रुपमा विस्तार गरिनेछ।
- रुम्दी, कोटीगाउँ, कोट, नातिखोला हुँदै विच्छयाँ बस्तिलाई सडक सञ्जालमा जोड्ने गरि प्रथामिकताका साथ आवश्यक स्रोतको व्यवस्था मिलाइने छ।
- हिमाली गाउँपालिका वडा नं १,२ र ३ का नागरिकहरुलाई सडक संजालको पहुँचमा सहजता ल्याउन मौर्ताना खोलामा मोटरेबल पुल निर्माण कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक कार्य गरिने छ।
- खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रम अन्तरगतका विरुवाहरुबाट फलेका फलफुललाई थप व्यवस्थित गर्न गत आ.वमा निर्माण भएका औद्योगिक ग्राम भवनलाई पूर्ण प्रयोगमा ल्याउने नीती लिईने छ।
- हिमाली गाउँ पालिका वडा नं १, २ र ३ का नागरिकको सुबिधाको लार्गि बिच्छयाँमा खाद्य विक्री केन्द्रलाई थप व्यवस्थित गरि नुन डीपो स्थापनाको लागि आवश्यक पहल गरिने छ।
- गाउँपालिका केन्द्र देखि बस्तीहरूलाई जोड्ने सबै कच्ची सडकको स्तरउन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ|
- हिमाली गाउँपालिका वडा नं. ७ बाँधु पादुका बगरको सिमा विवाद र हिमाली गाउँपालका वडा नां. ३ रानीसैन क्षेत्रको हुम्ला जिल्लासँगको सिमा विवादको लागि सम्बन्धित पक्षसँग समन्वय गरि विवाद समाधानको लागि आवश्यक पहल गरिने छ।
- हिमाली गाउँपालिका अन्तरगत टेलीफोन पँहुच नपुगेको बस्तिहरुमा टेलिफोन र ईन्टरनेटको व्यवस्था गरिने छ|
- हिमाली गाउँपालीका भित्र रहेक सावर्जनिक निकायहरुको संरक्षणको लागि आवश्यकताका आधारमा थप भवन, घेरवार र फिल्ड निर्माण कार्य गरिने छ।
- प्राकृतिक विपतका कारणले जोखिम भएका वस्तिहरुलाई आवश्यकता अनुसार वस्तिविस्तारका लागि आवश्यक पहल र समन्वय गरिने छ।
- खानेपानी योजना, सिचाई लगायतका भौतिक योजनाहरुमा कम्तीमा ३ प्रतिशत मर्मत सम्भार कोषलाई निरन्तरता दिईने छ र सोलाई गाउँपालिकाको कोषमा जम्मा गरिने व्यवस्था मिलाईने छ।
- आर्थिक वर्षको दोस्रो चौमासिक सम्म कम्तिमा ७० प्रतिशत काम सम्पन्न गर्ने गरि गाउँपालिकाको कामलाई थप प्रभावकारी बनाउने व्यवस्था गरिने छ।
- नजिकै रहेको कर्णाली नदीको पानी लिफ्टिङ्ग प्रणालीद्धारा एक घर एक धारा निर्माण गरी स्वच्छ सुरक्षीत खानेपानी र सिचाँइका निम्ती प्रयोग गर्ने गरी कार्यलाई निरन्तरता र अन्य बस्तीहरुमा विस्तारमा जोड दिईनेछ।

➢ हिमाली गाउँपालिका भित्रको सिमाना दक्षिण तर्फको बुढीनन्दा नगरपालिका उत्तर तर्फ ताँजाकोट गाउँपालिका बिचमा रहेको राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोरमा वृक्षारोपण गर्ने व्यवस्था मिलाईने छ ।

➢ सडक निर्माण तथा मर्मत र अन्य आयोजनामा मर्मत गनका लागि पालिकाको आफ्नै जे.सि.भी (व्याक हो लोडर) प्रयोग गर्ने निती लिईने छ ।

➢ धुलाचौर आसपास लगायतका बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोर वर्गिकरण गरि फोहोरबाट मोहर बनाउने नीतीलाई प्राथमिकता दिईने छ ।

➢ आ.व. २०८३/८४ मा दर रेट निर्धारण समिति बनाई स्थानीय स्तरमा पाईने निर्माण सामाग्री जस्तै ढुगां, बालुवा र गिट्टीको दर रेट किताब तयार गरी कार्यान्वयन गरिने छ ।

➢ सुरक्षित निजी आवासको लागि यस गाउँपालिका भित्रका कुनै पनि नागरिकलाई निःशुल्क परामर्श सहित घरहरुको नक्सा उपलब्ध गर्ने व्यवस्था मिलाईने छ ।

➢ प्राकृतिक विपद तथा अन्य समस्याको कारण बस्ति जोखिममा रहेका बोल्डिक गाउँ, बोर्ता गाउँ, कुवाडी र बिच्छया लगायत अन्य जोखिमपूर्ण स्थानका अव्यवस्थित बसोबासलाई व्यावस्थित गर्ने गरि आवश्यक कार्य गरिनेछ ।

➢ हिमाली गाउँपालिका अन्तरगतका बाधुँ बगर, धुलाचौर बजार र कवाडी बजारलाई थप व्यवस्थित गरी नमुना शहरको विस्तार गरि व्यपारीक केन्द्रका रुपमा रुपान्तरण गर्ने नीति लिईनेछ ।

➢ यस पालिका भित्रका भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको व्यवस्थापन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरी नाँपजाँचको कार्यलाई अगाडी बढाईने छ ।

➢ पालिकाको क्षेत्रअधिकार भित्रका सडकको दायाँ बायाँ को अधिकार क्षेत्र (राईड अफ वे) तोकि सो क्षेत्रमा रहेका संरचना हटाउन सक्ने व्यवस्था मिलाईने छ ।

➢ यस हिमाली गाउँपालिका भित्रका सरकारी र सार्वजनिक जग्गाको फिल्ड रेखाङ्कन गरी व्यक्तिगत प्रयोजनको लागी अतिक्रमण गरिएका जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाईने छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः**

➢ वन वातावरण तथा विपद् व्यवस्थापनको जिम्मेवारी अझ बलियो बनाउन पालिका, वडा हुँदै वन उपभोक्ता समितिसम्म सम्पूर्णलाई सकृय बनाउन अभिमुखिकरण कार्यक्रम तथा तालिम दिईनेछ ।

➢ गाउँपालिकामा भएका विद्यमान प्रकोपहरु तथा त्यसबाट हुने विपद्‌जन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्यूनीकरण गर्ने समाधानका उपायहरु पहिचान गरिने छ ।

➢ विपद् बाट हुने क्षति दिगो रुपमा न्यूनीकरण गर्न स्थानीय स्तरमा पहिचान भएका विपद् पूर्व, विपद्को समयमा र बिपद् पश्चात् विभिन्न क्रियाकलापहरुको विश्लेषण गरी योजना निर्माण गरी संचालन गरिने छ ।

➢ गाउँपालिका क्षेत्रमा लोप हुँदै गएका जडीबुटी तथा पशुजन्य घाँसका विरुवा तथा घासे चरीचरण उत्पादनमा जोड दिई नीजि तथा सामुदायिक वनको खाली तथा वाँझो जग्गामा वृक्षारोपण कार्यलाई पशुजन्य उत्पादन र उत्पादकत्व वढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

➢ वन उपभोक्ता समिति संगको सहकार्यमा वन तथा वातावरण सम्वन्धी कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जीविकोपार्जनमा मद्दत पुऱ्याउने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने छ ।

➢ प्रत्येक वडाहरुमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सामाग्रीहरु र खोज तथा उद्धारका लागि आवश्यक पर्ने न्यूनतम सामाग्रीहरुको व्यवस्था गरिने छ ।

गोविन्द बहादुर ठकुरी
अध्यक्ष

CamScanner

- स्थानीय विपद् व्यवस्थापन समिति सदस्यहरु र वडा स्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई विपद् भएको समयमा खोज तथा उद्धारका लागि आवश्यक पर्ने तालिम तथा अभिमूखिकरण कार्यक्रमका लागि बजेट व्यवस्थापन गर्न अन्य सरोकारवाला निकाय सँग समन्वय गरिने छ।
- प्रारम्भीक चरणमा फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा टोल सुधार समिति मार्फत पुर्ण सरसफाई अभियानको थालनी गरिने छ।
- विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिई आवश्यक वजेट विनियोजन गरिने छ। साथै सो कोषको रकम महामारी, दैवि प्रकोप तथा विपद् व्यवस्थापन र उद्धारमा खर्च गरिने छ ।
- दैविक प्रकोपका कारण पालिका भित्रका कुनै नागरिकहरुको धनजनको क्षती हुन पुगेमा आवश्यक राहत वितरण र उद्धारको लागि निशुल्क एम्बुलेन्स परिचालनको व्यवस्थापन गरिने छ।
- वातावरण मैत्री गाउँपालिका बनाउनको लागि वातावरणमैत्री स्थानिय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ।
- वातावरण संरक्षण र सिंचाईलाई समेत उपयोगिताको रुपमा लिईने गरी प्राचिन पोखरीको संरक्षण र कृतिम पोखरि निर्माणमा जोड दिईनुका साथै ग्रीनहाउस खरिद, वितरण र निर्माण गरीने छ।
- विपद्का समयमा खाद्य श्रृङखला अवरुद्ध हुने हुँदा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिइने छ।
- यस गाउँपालिकावासी दैविक प्रकोपमा परी कसैको ज्यान गएमा गाउँपालिकाले दाहसस्कारको लागि आवश्यक रकम तथा अन्य बन्दोवस्त उपलब्ध गराइने गरि बजेट व्यवस्थापन गरिने छ।
- संघ तथा प्रदेशसँगको सहकार्यमा ताल नदी, पानीका मुहान, जलाधार र झरना आदीको संरक्षण तथा भु–संरक्षणमा जोड दिईने छ।
- वन्यजन्तुको चोरी शिकारी, वन डढेलो र अवैध रुपमा जडिवुटीको चोरी निकासीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न सुरक्षा संयन्त्रको सहयोगमा एकिकृत घुम्ती अनुगमन बर्षको २ पटक गरीने कार्यलाई निरन्तरता दिईने छ।
- निजी आवास निर्माण गर्दा अनिवार्य रुपमा २ रुख रोप्ने गरी प्रतिवद्धता गराई हरियाली प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाको भौगोलिक सूचना प्रणाली (Geographic Information System - GIS) को विकास, विस्तार र व्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यविधि निर्माण गरिनेछ।
- हाल संचालनमा रहेको पालिकाको Digital Profile लाई अद्यावधिक गरि क्षति हुन सक्ने स्थानहरुको नक्साङ्कन गरिनेछ र उक्त स्थानहरुमा आवश्यक विपद् न्युनिकरणका उपायहरु अपनाईने नीति लिईने छ।
- विद्यालयको सुरक्षा लेखाजोखा गरी सुरक्षित पलायन मार्ग चिन्हांकन, भूकम्प/आगलागी/पहिरो सम्बन्धी नियमित उद्धार अभ्यास (Mock Drill), विपद् व्यवस्थापन क्लब गठन, तथा प्राथमिक उपचार र खोज/उद्धार सम्बन्धी व्यावहारिक तालिम सञ्चालन गरिनेछ।
- गाउँमा "आपतकालीन मद्दत प्रणाली (S.O.S System)" प्रयोगमा ल्याईनेछ।
- युवालाई जडिबुटी खेती, जैविक मल उत्पादन, वृक्षारोपन लगायत वातावरणमैत्री कार्यहरु गर्न प्रोत्सान गराइनेछ।
- वन, वातावरण तथा विपद् समितिमा युवा प्रतिनिधित्व सहितको सक्रिय समिति गठन गरी युवा नेतृत्वमा जोड दिइनेछ।

**विद्येयक तर्फ:**

- हिमाली गाउँ पालिकामा कुनै नयाँ काम संचालन गर्नका लागी कानून, ऐन, नियम,र कार्यविधी बनाइ काम गर्ने नीति लिइने छ, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरि स्रोत परिचालनमा मितव्ययीता कायम गरिने छ।
- प्रयेक वर्ष विषयगत समितिको कार्यविवरण समिक्षा गरी उक्त समितिका पदाधिकारीहरले गरेको कामको बिवरण सार्बजनिक गर्ने ब्यवस्था गरिने छ।

गोविन्द बहादुर कार्की
अध्यक्ष

CamScanner

- सुशासन कायम गर्नका लागि गाउँपालिका तथा वडामा नागरिक वडापत्र, प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरिनु साथै आम नागरिकलाई सेवा बिस्तार गर्ने कार्यमा जोड दिइनेछ ।
- पर्यटन क्षेत्रको विकास गर्ने गाउँपालिका भित्रका सबै वडाहरुमा सडक संजालको विस्तार, मन्दिर तथा देवस्थल निर्माण, गुफा व्यवस्थापन, खरि, चुन ढुङ्गाको उत्खनन, जंगल, पाटन क्षेत्रको संरक्षण गर्ने नीति बनाइने छ ।
- यस गाउँपालिका भित्रका सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा व्यवसाय दर्ता गरी मात्र संचालन गर्ने नीतिलाई निरन्तरता दिईने छ।
- बजार क्षेत्र तथा धार्मिक क्षेत्रमा खानेपानीका धारा र सार्वजनिक सौचालय निर्माण गरी पुर्ण सरसफाईयुक्त कार्यक्रममा जोड दिईनेछ।
- हिमाली गाउँपालिकामा रोजगारीको सम्भावनाको अध्ययन गरी ५ बर्षे रोजगार रणनीति तयार गरिनेछ।
- बालबिवाह र किशोर किशोरी सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन,गरीने छ।
- वनजंगल जथाभाबी फडाँनी हुने गरिएकोमा सामुदायिक वनका उपभोक्ता समितिले वनको पुर्जी दिनु पर्ने भएमा वडा कार्यालयको सिफारिस लिएर मात्र पुर्जी दिने नीतिलाई निरन्तरता दिईनेछ ।
- रोजगार सीप तथा उद्यमसिलता केन्दबाट उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभुति, सिप विकास, उद्यमसिलता प्रर्वद्धन र पुनःएकिकरण सम्बन्धी क्रियाकलाप संचालन स्थानिय तहको शत प्रतिशत लागत साझेदारी गरी गाउ गाउमा रोजगारी हुने कार्यक्रम संचालन गरिने छ।
- सामी कार्यक्रमबाट वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न मुलुकमा गएका र फर्किएका बेरोजगार ब्यक्तीहरुलाइ सीप सिकाइ आदान प्रदान र तिनका परिवारलाइ सिप उधमसीलता कार्यक्रम संचालन तथा मनोसामाजिक परामर्श सम्बन्धी बिभिन्न जनचेतनामुलक कार्यक्रमहरु हिमाली गाउँपालिकाका सबै वडा र समुदायस्तरमा संचालन गरिने छ।

## शिक्षा युवा तथा खेलकुद तर्फः

- आधारभुत तहमा भर्ना भएका विधार्थीलाइ अनिवार्य र निः शुल्क शिक्षा सुनिश्चित गरी विपन्न वालवालिकालाई विशेष सहयोग गरी विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने व्यवस्था मिलाइनेछ।
- विद्यालयमा अध्यायनरत वालबालिकाहरुको आन्तरीक तथा वाह्य मुल्याङ्कन प्रणालीलाई पालिका भरी एकरुपता ल्याई विद्यालय तहको कक्षा ५ र ८ को परीक्षालाइ पालिका स्तरमा संचालन गरी उकृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक र परिक्षार्थीलाइ उचित प्रोत्साहन व्यवस्थापन गरिने छ।
- नमुना विद्यालयका लागी आवश्यक मापदण्ड र पूर्वाधार पुगेका माध्यमिक विद्यालयलाई नमुना विद्यालय निमार्ण गर्नका लागी संघिय र प्रदेश सरकारसगँ आवश्यक पहल र समन्वय गरिनेछ।
- विद्यालयमा अध्यायरत वालवालिकाको नेतृत्व विकास गर्न वाल विवाह छाउपडी तथा लागुप्रदाथ दुव्यसनी जस्ता सामाजिक विकृती विरुद्ध जनचेतना फैलाउन विभिन्न कार्यक्रम तथा विद्यालय स्काउट र बालक्लव गठन गरी सक्रिय गराईनेछ।
- हाम्रो विद्यालय हाम्रो जिम्मेवारी भन्ने भावना जागृत गरी विद्यालयमा अध्यायरत वालवालिकाको सिकाईमा सुधार गर्न अध्यक्षसगँ वालवालिका तथा शिक्षक अभिभावक अन्त्रक्रिया कार्यक्रम संञ्चालन गरीनेछ।
- स्वच्छ विद्यालय स्वस्थ विद्यार्थी कार्यक्रम संन्चालन गरी प्रत्येक विद्यालयमा करेसा वारी निमार्ण गरीनेछ। करेसावारी निमार्ण कार्यलाई विद्यार्थीको आयमूलक सिप र आन्तरीक मुल्याङ्गनसँग जोडने व्यवस्था मिलाईनेछ।
- बालिका संजाल निर्माण गरि कार्यन्वयनमा ल्याइनेछ|
- ECD विद्यालय प्रशासन सम्बन्धि तथा सम्पूर्ण शिक्षकहरुको क्षमता विकासका लागी मेन्टरिड, सुपरिवेक्षण र पुनर्ताजकी तालीम संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ।

गोविन्द बहादुर वल्ल
अध्यक्ष

- स्थानिय स्तरमा रहेका सम्पूर्ण पक्षहरु जस्तै सास्कृतिक, धार्मिक, भौगोलिक तथा स्थानीय स्तरमा उत्पादन हुने वस्तुहरुलाइ समेटी कक्षा १ देखि ८ को स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यन्वयनमा ल्याइनेछ।
- शिक्षा गुणस्तरको लागि १२ कक्षा सम्म अध्ययन गराउने विद्यालयको कार्यसम्पादन प्रगति, शैक्षिक प्रगति प्रतिशत तथा बिद्यार्थी हाजिरी प्रतिशत एवं थप शिक्षक व्यवस्थापनको आधारमा अनुदान रकम उपलब्ध गराइने छ ।
- शिक्षक दरवन्दि नभएका र विद्यार्थी सख्या बढी भएका विद्यालयहरुलाई शिक्षक अनुदानको व्यवस्थालाई निरन्तरता दिदै प्रत्येक माध्यमिक विद्यालय र आधारभुत तह कक्षा १ देखि ८ सम्म संचालन भएका विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दि मिलान तथा व्यवस्थापन गरीनेछ ।
- हिमाली गाउँपालिकामा रहेमा गरीव असाह्य र टुहुरा बालवालिकालाई निः शुल्क खाना बस्न सहितको आवासीय विद्यालयमा पढ्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- एक विद्यालय एक पुस्तकालय साथै ई- पुस्तकालयलाई समेत प्रत्येक विद्यालयमा विस्तार गरी शिक्षण सिकाईलाई आधुनिक प्रविधी मैत्री बनाई अनिवार्य कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- महिनावारीका कारण पढाई छोडनुपर्ने अवस्थालाई अन्त्य गर्नका लागी प्रत्येक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउनुका साथै स्यानिटरि प्याड डिस्पोजल गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- प्रत्येक विद्यार्थीहरुमा भएको अन्तरनिहित प्रतिभाहरुलाई प्रस्फोटनका लागि पालिका स्तरका विद्यालय विच प्रस्तिपधाको लागि हाजिरजवाफ, बक्तित्वकला, अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गरिब, दलित; हलिया, खलिया, अपाङ्गता भएका व्यक्ति, जनजाती र लोपउन्मुख समुदायका बालवालिकाहरुलाई उच्च प्राविधिक शिक्षामा छात्रवृद्धिको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- विद्यालय नक्साङ्कनका आधारमा नजिक रहेका विद्यालयहरुलाई आवश्यकता अनुसार मर्ज गर्ने र त्यसरी मर्जहुने विद्यालयलाइ गाउँपालिकाबाट दिइने सेवा सुविधाहरुमा विषेश ग्राहयता दिइने नीति लिइने छ ।
- ईसिडि, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाई संघीय सरकारवाट दिइदै आएको सेवा सुविधाका साथै उनीहरुको मनोवल उच्च बनाउनका लागि पालिकाले न्यूनतम सेवा सुविधा उपलब्ध गराउने गरि आवश्यक बजेटको व्यवस्थालाई निरन्तरता दिईने छ ।
- स्वच्छ विद्यालय, स्वस्थ विद्यार्थी कार्यक्रम संचालन गरी विद्यालयको भौतिक व्यवस्थापन संगै भान्साकोठा, खाजाघर, शुद्ध खानेपानी र शौचालयको सुधार जस्ता कार्यहरुमा विभिन्न संघसंस्था सँग समन्वय गरी कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई विद्यलयको पहुँच भित्र ल्याउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चाल गरिने छ ।
- शिक्षण सिकाइलाई आधुनिक र प्रविधि मैत्री बनाई विद्यालयको तथ्याङ्कलाई यथार्तपरक र पारदर्शी बनाउन एक विद्यालय र एक ल्याप्टप कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य तर्फः**

- हिमाली गाउँपालिकामा पाइने स्थानीय जडीबुटी प्रशोधन गर्न आयुर्वेद आरोग्य केन्द्रमा साना मेसिन ल्याई स्थानीय स्तरमै औषधि उत्पादन र प्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- हरेक नागरिकलाई निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गर्दै उपचारात्मक, रक्षात्मक र प्रवर्धनात्मक सेवाहरु बस्ती र घरधुरी सम्म विस्तार गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि न्युनतम सेवा मापदण्ड (MSS) राष्ट्रिय चिकित्सा मापदण्ड अनुसारका आवश्यक भौतिक पूर्वाधार, औषधी, औजार तथा उपकरणको निरन्तरताको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

CamScanner

- निजी क्षेत्रका स्वास्थ्य प्रदायक संस्था, अस्पताल र फार्मेसीहरुलाई प्रचलित कानुन बमोजिम मूलधारमा ल्याई व्यवस्थित सञ्चालन, व्यवस्थापन र अनुगमन गरिनेछ।
- किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।
- स्वास्थ्य सेवाको पहुँच र उपभोग बढाउन सार्वजनिक, सामुदायिक तथा आवश्यकता अनुसार निजी क्षेत्रसँग साझेदारी गरिनेछ।
- स्वास्थ्यकर्मीका लागि आवश्यक तालिमको व्यवस्थापन गर्नुका साथै अनलाइन रेकर्डिङ र रिपोर्टिङलाई प्रविधिमैत्री बनाइनेछ।
- लक्षित उमेरका सम्पूर्ण बालबालिकालाई खोप सुनिश्चित गरी पूर्ण खोप दिगोपनालाई निरन्तरता दिइनेछ।"
- संस्थागत सुत्केरी दर बढाउन क्युडी, कोट, पाडी र वोर्तामा बर्थिङ सेन्टर स्थापना तथा सुदृढीकरणको लागि जनशक्ति तालिम र प्राबिधिक औजार उपकरण व्यवस्थापन गरिनेछ।
- जोखिम समूहमा सक्रिय क्षयरोग खोजपड्ताल, सम्पर्क परीक्षण र ५ वर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम (TPT) कार्यक्रम सञ्चालन गरिनेछ।
- मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला र निशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालन गरिनेछ।
- रुगिन स्वास्थ्य चौकी, बिछ्या स्वास्थ्य चौकी, गुम्बा, बामु, पाडी लगायतका स्वास्थ्य संस्थाहरुको भौतिक संरचना सुधारका लागि आवश्यक बजेट व्यवस्थापन मिलाइनेछ।
- धुलाचौर स्वास्थ्य केन्द्रलाई नमुना बर्थिङ सेन्टरको रुपमा विकास गरि सुविधा सम्पन्नमा जोड गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात तथा सञ्चार खर्च तथा स्वास्थ्यकर्मीहरुलाई पेशामा उत्साही बनाउन आवश्यक प्रोत्साहन बजेटको रुपमा खाइपाई आएको बजेटमा थप व्यवस्थापन गरिनेछ।
- हिमाली गाउँपालिका अन्तगत अस्पताल सेवा तथा चिकित्सकीय सेवा नभएको हुँदा सो समस्यालाई सम्बोधन गर्न पालिका तथा टोल स्तरमा विशेषज्ञ सेवा सहितको निशुल्क स्वास्थ्य तथा घुम्ती शिविर सञ्चालनलाई निरन्तरता दिईनेछ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार प्लासेन्टा पिट, अस्पतालजन्य फोहोर व्यवस्थापन र सुरक्षित खानेपानीको व्यवस्था मिलाइनेछ।
- दक्ष प्रसूतिकर्मी (SBA) नभएका स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ कर्मचारीहरुलाई प्राथमिकताका साथ तालिमको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।
- महिला, किशोरी र बालबालिकाको पोषण सुधारका लागि नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई निरन्तरता दिईने छ।
- खोपबाट बचाउन सकिने रोगहरुको निगरानीका लागि स्वास्थ्यकर्मी अभिमुखीकरण, नमुना सङ्कलन र ढुवानीको बजेट व्यवस्था गरिनेछ।
- हिमाली गाउँपालिका वडा नं ३ बैडीमा गाउँघर क्लिनिक तथा खोप क्लिनिकको थप व्यबस्थापन गरिनेछ।
- चौविसै घण्टा आकस्मिक स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मीलाई थप प्रोत्साहनको व्यवस्थापन मिलाइनेछ।
- गर्भवती, सुत्केरी र आपतकालीन बिरामीका लागि एम्बुलेन्स सेवा निशुल्क गर्दै आवश्यकताका आधारमा थप आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- क्यान्सर, मुटुरोग, मिर्गौला, मेरुदण्ड र दुर्घटनाका गम्भीर बिरामी परेका विपन्न नागरिकलाई विशेष उपचार खर्च सहायता उपलब्ध गराइनेछ।
- पाठेघर खसेका महिलाहरुको सम्पूर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरी बजेटको व्यवस्था मिलाइनेछ।
- "म, मेरो स्वास्थ्य र मेरो जिम्मेवारी" भन्ने नाराका साथ पालिकाका सबै वडामा स्वास्थ्य बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- गुणस्तरीय खोप सेवाका लागि स्थानीय तहमा कोल्ड चेनको गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।
- धुलाचौर आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आँखा उपचार केन्द्र स्थापना गरि आँखा उपचार सेवा सुचारु गरिनेछ।

CamScanner

- विपन्न नागरिकको उपचार सिफारिस अभिलेखीकरण गर्नुका साथै दीर्घरोगीको मासिक भत्ताका लागि अनलाइन दर्ता र सोधभर्ना प्रणाली सञ्चालन गरिनेछ।
- फेज नेपाल, ग्लोबल इन्भाइरोटेक इनिसियटिभ एसिया, लिबर्ड र आई एन एफ लगाएत अन्य साझेदार संस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य सेवाहरुको गुणस्तर सुधार एवं सेवा विस्तार कार्यलाई थप प्रभावकारी बनाइने छ।
- सङ्घीय नीति अनुसार उच्च रक्तचाप, मधुमेह र क्यान्सर जस्ता नसर्ने रोगहरुको प्रारम्भिक स्क्रिनिङ र सचेतना गाउँस्तरसम्म विस्तार गरिनुका साथै मोतिबिन्दु मुक्त कार्यक्रमका लागि प्रदेश तथा सङ्घीय सरकार सँग समन्वय गरिनेछ।
- स्वास्थ्य संस्थाहरुमा औषधिको गुणस्तरीयता कायम राख्नका लागि औषधी भण्डारण व्यवस्थापन तथा आवश्यक (स्टोर) फर्निचर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्थापन मिलाइनेछ।
- स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन व्यवस्थापन तथा अन( साइट कोचिङ-On-site Coaching) कार्यक्रमलाई थप व्यवस्थित बनाउन आवश्यक बजेटको व्यवस्थापन मिलाइनेछ।

## उद्यम विकास शाखा तर्फ:

- लघु उद्यम तथा साना उद्योगहरुको उत्पादकत्व बृद्धि गरि औद्योगिक उत्पादन प्रणालिलाई दिगो र भरपर्दो बनाइने छ ।
- स्थानिय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसायीको स्थापना बिकास गरी बजारीकरण र प्रबिधि हस्तान्त्रण जस्ता कार्यक्रममा जोड दिईने छ ।
- लघु घरेलु तथा साना उद्योग कार्यक्रममा महिला दलित अपाङग लोपोन्मुख तथा बिपन्न बर्गलाई समावेश गरी जिबिकोपार्जनमा सहयोग पुर्याई स्थानिय क्षेत्रमा उद्यमशिलता प्रवर्द्धन गरी रोजगारी र आय बृद्धि हासिल गरीने छ ।
- संघ तथा प्रदेशले ल्याएको लघु उद्यम बिकास कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरि गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धी गर्न पहलकदमी चालिनेछ ।
- MEDPA लगायतका कार्यक्रममार्पत नया उद्यमिहरुको पहिचान छनोट तथा उद्यम विकास तालिम सन्चालन गरिने छ ।

## सामाजिक सुरक्षा तर्फ:

- व्यक्तिगत घटना दर्ता अभियान संचालन गर्न वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुको पहिचान गरि समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- पालिका भित्रका ५५ वर्षभन्दा माथि ६५ वर्षभन्दा तलका अविवाहित पुरुषलाई गाउँपालिकाको तर्फबाट मासिक रुपमा एकल पुरुष सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्न आवश्यक पहल व्यवस्थापन मिलाइनेछ ।
- गाउँपालिका भित्रका ६५ वर्ष भन्दा माथि र ७० वर्ष भन्दा तलका जेष्ठ नागरिकहरु ग र घ वर्गका सम्पूर्ण अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- अपाङ्गमैत्री संरचनामा निर्माणमा जोड दिईने नीति लिईने छ ।

## आर्थिक विकास तर्फ:

- कृषक समूह, सहकारी, उपभोक्ता समिति, निजी क्षेत्र, गैरसरकारी संस्था तथा गाउँपालिकाबीच साझेदारी र सहकार्यको माध्यमबाट कार्यक्रम सञ्चालन गरिनेछ।

गोविन्द बहादुर शाक्य
अध्यक्ष

- एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, शहीद परिवार तथा द्वन्द्व प्रभावित समुदायलाई लक्षित समावेशी कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- हिमाली गाउँपालिकालाई क्रमशः प्रांगारिक कृषि क्षेत्र का रूपमा विकास गर्न प्राङ्गारिक मल उत्पादन, उपयोग र जैविक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- जैविक मल, बीउ तथा पशु औषधि व्यवसाय सञ्चालन गर्ने एग्रोभेट तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- माटो परीक्षण, स्थानीय हावापानी, भौगोलिक अवस्था तथा जलवायु परिवर्तनको प्रभावलाई आधार मानी उपयुक्त बाली छनोट र खेती प्रणाली विकास गरिनेछ।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग, यान्त्रिकीकरण तथा प्राविधिक सेवा विस्तार गरिनेछ।
- कृषकको श्रम तथा उत्पादन लागत न्यूनीकरण गर्न कृषि औजार तथा उपकरणमा सहजीकरण गरिनेछ।
- "आफूलाई चाहिने बीउ आफैँ उत्पादन र संरक्षण गरौँ" भन्ने अभियान अन्तर्गत रैथाने बालीका बीउ संरक्षण, उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- कोदो, फापर, चिनो, कागुनो, मार्स्या, उवा, जौ, तिलखुरी, भटमास, सिमी लगायतका रैथाने बाली तथा गहुँ, मंकै, धान, दलहन र तरकारीका पकेट क्षेत्र विस्तार गरिनेछ।
- रैथाने बाली उत्पादन गर्ने कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।
- नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँगको समन्वयमा रैथाने बालीको खरिद, बिक्री तथा वितरणलाई व्यवस्थित गरिनेछ।
- नगदे बाली, रैथाने बाली तथा फलफूल खेतीलाई हिमाली गाउँपालिकाको विशिष्ट पहिचानका रूपमा विकास गरिनेछ।
- वडा नं. १ देखि ७ मा स्याउ,ओखर,अनार,किवी, ड्रागन फ्रुट, आँप,सुन्तला,टिमुर,बुद्धचित्त खेतीको उत्पादन तथा बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ।
- उच्च घनत्व स्याउ, ओखर तथा अन्य फलफूल बगैंचाको संरक्षण, व्यवस्थापन र विस्तार गरिनेछ।
- फलफूल बिरुवामा आत्मनिर्भरता हासिल गर्न "एक वडा, एक नर्सरी" कार्यक्रम सञ्चालन गरिनेछ।
- परम्परागत मौरीपालनलाई आधुनिक प्रविधिसँग जोड्दै मह उत्पादन वृद्धिका लागि आवश्यक सामग्री तथा उपकरण सहुलियत दरमा उपलब्ध गराइनेछ।
- कृषि संकलन केन्द्र तथा ग्रामीण भण्डारण संरचनालाई सहकारी वा कृषक समूहमार्फत सञ्चालन गरिनेछ।
- पानीका स्रोत न्यून भएका बस्तीमा विद्युतीय आधुनिक घट्ट तथा कुटानी–पिसानी मिल स्थापना गरिनेछ।
- रैथाने बाली, फलफूल तथा स्थानीय उत्पादनको प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ र लेबलिङका लागि लघु तथा मध्यम उद्योग स्थापना गरिनेछ।
- सिस्नु, केतुके, अल्लो, लोक्ता, उन लगायत स्थानीय स्रोतमा आधारित प्रशोधन उद्योग स्थापना गरी रोजगारी सिर्जना गरिनेछ।
- परम्परागत हस्तकलालाई व्यावसायिकीकरण गरी स्थानीय उत्पादनसँग जोडेर बजारीकरण गरिनेछ।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन तथा खाद्य एवं पोषण सुरक्षालाई प्राथमिकतामा राखिनेछ।
- उत्पादन हुने प्रमुख बाली तथा वस्तुहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ।
- बिक्री हुन नसकेका उत्पादनको बजारीकरणमा गाउँपालिकाले आवश्यक समन्वय, सहजीकरण तथा व्यवस्थापन गर्नेछ।
- कृषकको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गर्न कृषक पाठशाला, अध्ययन भ्रमण तथा विभिन्न विषयगत तालिम सञ्चालन गरिनेछ।
- फलफूल काँटछाँट, मूल्य श्रृङ्खला विकास, मौरीपालन, च्याउ खेती, तरकारी खेती, बीउ उत्पादन तथा रोग–कीरा व्यवस्थापन सम्बन्धी तालिमलाई निरन्तरता दिइनेछ।

गोविन्द बहादुर मल्ल
अध्यक्ष

- जलवायुमैत्री नमुना कृषि गाउँ प्रवर्द्धन गर्न तथा स्याउ, ओखर र अनार बगैचा व्यवस्थापन गर्न Li-Bird, RERAS परियोजना र INF Nepal सँग साझेदारीका कार्यक्रम सञ्चालन गरिनेछ।
- भेडा-बाख्रा, च्याङग्रा तथा अन्य पशुपन्छी पालनको प्रवर्द्धन, उन तथा कच्चा प्रदार्थको, प्रशोधन र उद्योग विकासमार्फत दिगो रोजगारी तथा समृद्धि हासिल गरौ भन्ने मुल नारालाई साकार पार्न गाउँपालिका भित्र उत्पादित पशुपन्छिबाट प्राप्तहुने कच्चा प्रदार्थहरु गलैचा, राडी, पाखी, कम्बल, टोपी, मोजा निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उद्योग स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै उत्पादित सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक सहयोग तथा सहजिकरण गर्ने निति लिईने छ।
- देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस हिमाली गाउँपालिकाको प्रमुख आधार भएकोले प्रत्येक वडामा एक कृषि,एक पशु स्वास्थ्य प्राविधिक राख्ने नितिलाई निरन्तरता गरिएको छ।
- १ घर १० वोट डाले घाँस खेती,१ करेसावारी, १ बहुबर्षिय घाँसे बगैचा, १ धुवा रहित चुलो,१ मल खाल्डा, गोठेमल व्यवस्थापन तथा गोठ सुधार कार्यक्रमलाई तत्काल संचालमा ल्याइनेछ।
- पशुपन्छि पकेट प्याकेज क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिर्ने छ।
- यस गाउँपालिकामा एक वडा एक पशु स्वास्थ्य शिविर संचालन कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्वस्थ पशु-स्वस्थ किसान,समृद्ध बन्छ हाम्रो हिमाली भन्ने मुल नारालाई साकार पार्न यस गाउँपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन्नत खालका बोका, थुमा र साँढे उपलब्ध गराउदै आइराखेका क्रियाकलापहरुलाई निन्तरता दिनुका साथै उन्नत खालका पशुहरु खरिद गरी व्यसायीक रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई समूहलाई ५० प्रतिशत खरिद अनुदान र १०० प्रतिशत ढुवानिको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- उन्नत जातका पशुपन्छि उत्पादन गर्नाको लागि कृत्रिम गर्भधान कार्यक्रमलाई कृषक/ व्यवसायी सम्म पुर्याउनुका साथै उन्नत जातका पशुपन्छि उत्पादन गर्नको लागि कृत्रिम मिसन कार्यक्रम संचालनमा जोड दिईने छ।
- पशुपालनको रुपमा भेडा, च्यांग्रा, बगुर, कुखुरा, रागाँ, भैसी व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथैं मासु मिसन कार्यक्रमलाई बजार व्यवस्थापन गर्न जोड दिईने।
- पशुपन्छी तथा कृषि जन्य रोग नियन्त्रणका पशुपन्छी ल्याव,माटो परिक्षण प्रयोगशाला स्थापना गरी पशु प्राविधीकलाई ल्याव सम्बन्धी र गोवर परिक्षण सम्बन्धी तालिमको व्यवस्था मिलाइने छ।
- जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति अबलोकन गरी पशुपन्छि रोगथामका लागि विभिन्न खालका खोप औषधी तथा विउ कृषि जन्य सामाग्री जस्ता क्रियाकलाप अवलोकन, उपचार ,जैविक सुरक्षा प्रबर्धन कार्यलाई संचालन गर्नका लागि कृषि एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तर दिइनेछ।

गोविन्द बहादुर ठकुरी
अध्यक्ष

CamScanner